नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १३३ २०७९ साल पुस ८ गते शुक्रबार (23 Dec. 2022 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असहृय पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : कुर्था-बिजुलपुरा रेलमार्ग छिट्टै ३ पृष्ठमा : अझै आयोगको पदाधिकारी... ३ पृष्ठमा : महिलाले उच्च शिक्षा लिन ...

## नवनिर्वाचित प्रदेशसभा सदस्य साह पुरानै पेशामा समेत सक्रिय




**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

कानूनी व्यवसाय क्षेत्र संगै विभिन्न सामाजिक संघ संस्थामा काम गरेर विभिन्न पद सम्हाल्दै आएकी नवनिर्वाचित प्रदेशसभा सदस्य अधिवक्ता किरण कुमारी साह अहिले पनि पुरानै पेशामा समेत सकृय छिन् ।

उनी हिंसामा परेका पीडित महिला र विपन्न समुदायका लागी अहिले पनि वकालत गरिरहेकी छिन् ।

विहीवार मात्र उनले हिंसामा परेकी राजविराज १ की सरस्वती दास र कंचनरुप नगरपालिका ११ की प्रमिला कुमारी लौगीको पक्षमा निःशुल्क वहश पैरवी गर्दा उनीहरुकै पक्षमा अदालतबाट फैसला आएको छ । सप्तरी जिल्ला अदालतबाट अंश, सम्बन्ध विच्छेद र मानाचामल लगायतका मुद्दामा ती महिलाहरुले न्याय पाएका हुन् ।

न्ययाधिश डा. राजेन्द्र कुमार आचार्यको एकल इजलाशले ती दुबै महिलाको पक्षमा ठहर हुने गरि फैसला गरेको प्रदेशसभा सदस्य एवं अधिवक्ता साहले जानकारी दिइन् ।

यस अघि बुधवार पनि उनले वहस गरेको हिंसा पीडित दुई महिलाले अदालतबाट न्याय पाएका छन । उनले पछिल्लो फैसलाले अदालतप्रति जनताको आस्था र विश्वास बढाउने काम गरेको प्रतिकृया दिइन ।

जनता समाजवादी पार्टी ( जसपा) का तर्फबाट मधेश प्रदेशसभा सदस्यको समानुपातिक सिटमा निर्वाचित साह प्रदेश सदस्यको नयाँ जिम्मेवारी पाए पनि पीडित महिला र गरिब असहायको पक्षमा न्याय दिलाउन उत्तिकै सकृय रहने बताउँछिन ।

आफु कहाँ अहिले पनि दुई दर्जन भन्दा बढी घरेलु हिंसा पीडित महिलाहरुको मिसिल रहेको बताउँदै उनले प्राथमिक्ताका साथ ती मिसिल र मुद्दाहरुमाथी पीडितहरुको पक्षबाट वहस पैरवी गर्ने प्रतिबद्धता ब्यक्त गरिन ।

## पत्रकारलाई ज्यान मार्ने धम्कीप्रति प्राधिकरणको गम्भीर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

मधेश प्रदेशका आमसंचार प्राधिकरणले नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य, महासंघ शाखा सप्तरीका उपाध्यक्ष समेत रहेका कान्तिपुर राष्ट्रिय दैनिकका उप-सम्पादक अवधेश कुमार झालाई समाचार लेखेकै कारण सामाजिक सञ्जाल मार्फत दिईएको ज्यान मार्ने धम्कीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवद्वारा बिहीबार जारि विज्ञप्तिमा कान्तिपुर राष्ट्रिय दैनिकमा राजविराज नगरपालिका कार्यालयको विषयमा समाचार लेखेको निहुँमा फेसबुकमा नसरुल राजा र मो. सजाद नामको फेसबुक आईडीवाट पत्रकार झालाई १९ मंसिर २०७९ मै ज्यानमार्ने धम्की दिएको जानकारी प्राप्त भएको जनाउँदै समाचारको विषयमा चित्त नबुझेमा खण्डन वा कानूनी बाटो अवलम्बन गर्नुपर्नेमा सार्वजनिक रुपमा सामाजिक सञ्जाल मार्फत धम्की दिईनु प्रेस स्वतन्त्रतामाथिको ठाढो हस्तक्षेप भएको उल्लेख छ ।

उक्त विषयमा पीडित पत्रकार झाका साथै संस्थागत रुपमा नेपाल पत्रकार महासंघ शाखा सप्तरीले धम्की दिने व्यक्तिलाई पक्राउ गरी कानूनी कार्वाही गर्नका लागि प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुख समेतलाई पटक-पटक ध्यानाकर्षण गराउँदा पनि गम्भीरतापूवर्क नलिनु अत्यन्तै दुःखद् भएको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा दोषीहरुलाई कार्वाही गर्नका लागि दवाब स्वरुप नेपाल पत्रकार महासंघ शाखा सप्तरीले सङ्घर्षका कार्यक्रम घोषणा गरी चरणवद्ध आन्दोलन उत्रिन बाध्य हुँदा पनि सप्तरी प्रशासनले तदारुकता नदेखाउनुले अत्यन्तै चिन्तित तुल्याएको उल्लेख छ ।

जनताले सु-सूचित हुन पाउने हकलाई जुनसुकै बहानामा जुनसुकै तत्वले धाक धम्की दिई कुण्ठित पार्न खोज्ने व्यक्ति वा समूहलाई अविलम्ब पक्राउ गरी कडा कार्वाही गर्न जोडदार माग गर्दै विज्ञप्ति मार्फत भयमुक्त वातावरणमा पत्रकारहरुलाई पत्रकारिता गर्ने माहोलको सुनिश्चितता गर्न सम्बन्धित सरोकारवाला निकायको ध्यानाकर्षण गराइएको छ ।

## विड्गर र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ७ पुस ।**

धनुषाको सबैला नगरपालिकामा विड्गर र मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु भएको छ ।

धनुषाको वीरेन्द्र बजारबाट सबैलातर्फ जाँदै गरेको ना ५ज ८४४० नंको विड्गर र ज११प ५४७३ नम्बको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार धनुषाको सहिदनगर नगरपालिका-५ धवौली निवासी २० वर्षीय अरुण मण्डल र २५ वर्षीया ज्ञानी मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी अरुणको घटनास्थलमै र ज्ञानीको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् ।

मृतक दुवैको शव परीक्षणका लागि जनकपुरस्थित प्रादेशिक अस्पतालमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको उनको भनाइ थियो ।

## काठमाडौं उपत्यकासहित तराईका जिल्लामा बाक्लो हुस्सु

काठमाडौँ, ७ पुस (रासस) ।

बिहीबार बिहानदेखि काठमाडौँ उपत्यकासहित देशका पहाडी तथा तराईका विभिन्न भू(भागमा बाक्लो हुस्सु तथा कुहिरो लागेको छ ।

धेरै स्थानमा लागेको कुहिरो तथा हुस्सु मध्यान्नपछि क्रमिक रूपमा सुधार हुँदै जाने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा गौचर विमानस्थलले जनाएको छ ।

हुस्सु र कुहिरोका कारण तराईका जिल्लामा जनजीवन प्रभावित हुन थालेको मौसमविद् प्रतिभा मानन्धरले बताउनुभयो । उहाँका अनुसार पश्चिम तराईका जिल्ला कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी(पूर्व, नवलपरासी( पश्चिम यसैगरी मध्य तराईका जिल्लामा चितवन, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा तथा पूर्व तराईका जिल्ला सिराहा, सप्तरी, सुनसरी, मोरङ र झापामा बिहानैदेखिको हुस्सुका कारण हिँडडुल गर्न नै समस्या भएको छ ।

अहिले नेपालको पूर्वी भूभागमा पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहेकाले मौसम बदली भएको छ । काठमाडौँ उपत्यकाको आकाश बिहानैदेखि हुस्सुले ढाकेकाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विमान उडान र अवतरण प्रभावित भएको छ । उडान अवतरण बन्द हुँदा हवाईयात्रा गर्ने यात्रुलाई असहज भएको विमानस्थलका प्रवक्त टेकनाथ सिटौलाले जानकारी दिनुभयो ।

अहिले प्रदेश १, बागमती र गण्डकी प्रदेशको पहाडी भू( भागमा आंशिक बदली रही तराईका विभिन्न भू(भागमा हुस्सु/कुहिरो रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागका अनुसार बिहीबार दिउँसो प्रदेश १ र गण्डकी प्रदेशको पहाडी भू( भागमा आंशिक बदली रहनेछ । यसैगरी बिहीबार राति प्रदेश १ को पहाडी भूभागमा आंशिक बदली रहने विभागको अनुमान छ ।

आउँदो २४ घण्टामा तराईका केही भू(भागमा बिहानीपख हुस्सु, कुहिरो लाग्ने र देशका प्रायजसो भू( भागमा तापक्रम क्रमिक रूपमा घट्दै जाने सम्भावना रहेको विभागले जनाएको छ ।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

# प्रयास थाल्नु आवश्यक

मौसम परिवर्तनसँगै विस्तारै चिसो बढ्न थालेको अनुभूति हुन थालेको छ। जाडो याममा खासगरी वृद्धवृद्धा, बालबालिका, दीर्घरोगी र गरीब विपन्न वर्गका व्यक्तिहरु अपेक्षाकृत बढी प्रभावित हुने गर्दछन्। तराई मधेशमा जाडो याममा लाग्ने गरेको हुस्सु र कुहिरोका कारण वर्षेनी कतिपयले ज्यान गुमाउनु परेको तथ्याङ्क रहेको छ।

यस्ता वर्गहरुका लागि चिसो बढ्नु अगावै नै चिसोबाट बच्ने उपायका लागि सम्बन्धित निकाय र पालिकाहरु सचेत हुन आवश्यक छ। ग्रामिण स्तरमा जहाँ खुल्ला ठाउँ बढी हुने, कच्ची घर हुने र पर्याप्त न्यानो लुगाका अभावमा गरीब तथा विपन्न वर्ग यसको शिकार बढी हुने गरेका छन्। दैवी प्रकोप उद्धार समितिले चिसो बढ्नु अगावै सप्तरीका १८ वटै पालिकाहरुसँग समन्वय गरी दाउरा, कम्बल आदिको व्यवस्थासँगै एम्बुलेन्सलाई तयारी अवस्थामा राख्नु पर्ने हुन्छ। गरीबी र अभावमा जीवन विताइरहेकाहरुको जीवन यस जाडोयाममा झन् कष्टकर हुने गर्दछ। उनीहरुको स्वास्थ्य रक्षा गर्नु सम्बन्धित निकाय र खासगरी पालिकाहरुको कर्तव्य हो। जाडो बढ्नु अगावै पालिकाहरुले यस्ता वर्गको जो जाडोबाट बढी प्रभावित हुने गर्दछन्, को तथ्याङ्क संकलन गनी उनीहरुलाई पुऱ्याउनु पर्ने सेवा तत्कालै पुऱ्याई चिसोको जोखिमलाई कम गर्न सकिन्छ। कतिपय वृद्धवृद्धाहरु जाडोयाममा हाइपोथर्मियाको समेत शिकार हुने गर्दछन्।

पालिकाहरुले सम्बन्धित सहयोगी हातहरुसँगको हातेमालोमा जाडो बढ्नु अगावै जाडोका भयावह स्थितिबाट गरीब, विपन्न र वृद्धवृद्धा सहितका वर्गलाई जोगाउन आजैबाट प्रयास थाल्नु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कुर्था-बिजुलपुरा रेलमार्ग छिट्टै भारतले नेपाल सरकारलाई हस्तान्तरण गर्ने

काठमाडौं, ७ पुस (रासस)।

जयनगर-बर्दिवास रेलमार्गअन्तर्गत कुर्थाबाट बिजुलपुरासम्मको रेलमार्ग निर्माण लगभग सकिएको छ। सो खण्डमा आवासलगायतका थोरै निर्माण बाँकी रहेको र छिट्टै काम सकिएकाले भारतीय पक्षले हस्तान्तरण गर्न नेपाल सरकारलाई जानकारी गरेको रेल विभागले जनाएको छ।

भारत सरकारले नेपाल सरकारलाई हस्तान्तरण गर्ने कुरा सुरु गरेको विभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जीनियर) अमन चित्रकारले बताउनुभयो। उहाँले भन्नुभयो, "अब छिट्टै नै यो खण्ड सरकारलाई हस्तान्तरण हुनसक्छ।"

बाँकी रहेका थोरै काम भारतीय पक्षले नै गर्ने प्रवक्ता चित्रकारले जानकारी दिनुभयो। पहिले हस्तान्तरण भएपछि नै बाँकी काम गरिसकिने उहाँको भनाइ छ। अहिले नै निर्माण शतप्रतिशत सकिएको नभए पनि जति संरचना सकिएको छ त्यो हस्तान्तरण गर्न भारतीय पक्षले भनेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो तर्फबाट निर्णय भएपछि हस्तान्तरण हुनेछ।"

अहिले भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रेल सञ्चालनमा रहेको छ। रेलमार्ग हस्तान्तरण भएपछि महोत्तरीको बिजुलपुरासम्म नै रेल सञ्चालन गर्न सकिने प्रवक्ता चित्रकारले जानकारी दिनुभयो। अहिले नै कुर्थाबाट रेल बिजुलपुरासम्म जानसक्ने भइसकेको छ। रेल नियमितरूपमा बिजुलपुरासम्म सञ्चालन गर्न थप जनशक्ति आवश्यक हुनेछ। उहाँले भन्नुभयो, "भारत सरकारले हस्तान्तरण गरेर नेपाल रेल्वे कम्पनीले आवश्यक जनशक्तिको व्यवस्थापन गरेर रेल चलाउन सक्नेछ।"

भारतीय अनुदान सहयोगमा निर्माणाधीन सो रेलमार्गको मुख्य पूर्वाधारको काम सकिएको छ। बिजुलपुराबाट महोत्तरीको बर्दिवाससम्मको निर्माण पनि भारतीय पक्षले नै गर्नेछ। कुर्थासम्म रेलको लाइन पुरानो नै भएकाले जग्गाको ठूलो समस्या नभए पनि बिजुलपुराबाट बर्दिवास खण्डमा जग्गा प्राप्ति गर्नुपर्ने रेल विभागले जनाएको छ। अहिले धेरै जग्गा प्राप्त भइसकेकाले निर्माणमा जान सकिने प्रवक्ता चित्रकारले जानकारी दिनुभयो।

भारतीय पक्षले कुर्थासम्मको खण्डमा पहिले रेलमार्ग भएकै ठाउँमा पुराना सबै पूर्वाधार हटाएर नयाँ निर्माण सुरु गरेको थियो। पहिले 'न्यारो गेज' मा निर्माण भएकामा अहिले 'ब्रोड गेज' मा निर्माण भएको हो। यो रेलमार्ग निर्माणमा प्राविधिक र आर्थिक दुवै पक्ष भारतीय सहयोगमा भएको हो। हाल सञ्चालनमा रहेको रेल सेट भने नेपाल सरकारले भारतीय सरकारी कम्पनीसँग खरिद गरेको रेल विभागले जनाएको छ।

जयनगरबाट जनकपुर, कुर्था, बिजलपुरा हुँदै सो रेलमार्ग बर्दिवाससम्म पुग्नेछ। नेपाल सरकार आफैँले निर्माणअघि बढाइरहेको पूर्व-पश्चिम रेलमार्ग पनि बर्दिवास नै भएर अघि बढ्नेछ। यी दुवै रेलमार्ग बर्दिवासमै भेटिने गरी योजना बनाइएको छ।

पहिलो खण्डमा कुर्थासम्मको निर्माण सकिएपछि नै बिजुलपुरासम्मको निर्माण अघि बढाइएको थियो। यो खण्ड सकिएकाले अब बर्दिवाससम्मको निर्माण अघि बढाइने विभागले जनाएको छ। लामो समयसम्म जग्गा विवादकै कारण कुर्था-बिजुलपुरा रेलमार्ग निर्माण अघि बढ्न सकेको थिएन भने त्यो टुङ्गिएसँगै रेलमार्ग निर्माण गरिएको हो।

सन् २०१० मा तत्कालीन राष्ट्रपति रामवरण यादवको भारत भ्रमणका क्रममा दुई देशका सीमा जिल्ला जोड्ने गरी पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो। भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को जोगवनी-विराटनगर रेलमार्गमा मात्रै निर्माण भइरहेको छ। त्यसबाहेकका न्यू जलपाइगुडी-काँडभिट्टा, नौतनवा-भैरहवा र रुपैडिया-नेपालगञ्ज क्षेत्रमा भने निर्माण सुरु हुनसकेको छैन।

नेपालमा राणाकालमै विसं १९८४ तिर भारतको रक्सौलबाट नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरबाट जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि नयाँ प्रविधिको रेलमार्ग निर्माण गरिएको हो।

जयनगर-कुर्था रेल सञ्चालनकै लागि सरकारले दुई सेट रेल खरिद गरेको थियो। कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण झण्डै तीन वर्षपछि विसं २०७८ चैत २१ गतेबाट सो रेलमार्ग सञ्चालन भएको हो। प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा रेलको भर्चुअल उद्घाटन गर्नुभएको थियो। अहिले रेल नियमित सञ्चालनमा रहेको छ।

कुर्थादेखि बिजुलपुरासम्म रेलमार्ग १७ किमी रहेको छ। जयनगरबाट बिजुलपुरासम्म रेलमार्ग निर्माण हुँदा जम्मा ५२ किमीमा रेल सञ्चालन हुनेछ। बर्दिवाससम्म नै खण्डमा निर्माण सकिँदा यो रेलमार्गको जम्मा लम्बाइ झण्डै ७० किमीको हुने बताइएको छ।

अहिले सरकारले आफ्नै लगानीमा पूर्व-पश्चिम रेलमार्ग अघि बढाइरहेको छ। अपर्याप्त बजेटका कारण निर्माणले गति लिइरहेको छैन। भारत सरकारले काठमाडौँ-रक्सौल र चीन सरकारले काठमाडौँ-केरुङ रेलमार्ग निर्माणमा चासो देखाएको छ।

# एउटै विद्यालयमा १३ जोडी जुम्ल्याहा विद्यार्थी

कावासोती, ७ पुस (रासस)।

पूर्वी नवलपरासीको एउटै विद्यालयमा १३ जोडी जुम्ल्याहा विद्यार्थी अध्ययन गरिरहेका छन्। कावासोती-३ स्थित संस्थागत सिद्धार्थ आवासीय माध्यमिक विद्यालयमा उनीहरू अध्ययन गर्दैआएका छन्।

नर्सरीदेखि कक्षा १० सम्म अध्ययन गर्ने १३ जुम्ल्याहा जोडी रहेको विद्यालयका संस्थापक प्रध्यानाध्यपक भोजराज दाहालले बताउनुभयो। "विगतमा पनि जुम्ल्याहा विद्यार्थी विद्यालयमा पढ्न आउने गरेका थिए, एकैपल्ट यतिधेरै जुम्ल्याहा विद्यार्थी पढ्न आएका यसपटक नै हो, यो आफैँमा दुर्लभ संयोग हो", दाहालले भन्नुभयो, "एउटै शैक्षिक सत्रमा १३ जोडी जुम्ल्याहा विद्यार्थी हामीसँग हुँदा गर्व लागेको छ।"

जुम्ल्याहा जन्म आफैँमा दुर्लभ जन्म भएको बताउँदै प्रिन्सिपल दाहालले जुम्ल्याहा विद्यार्थीको आफ्नो विद्यालयको गौरव भएको बताउनुहुन्छ। "एउटै विद्यालयमा १३ जोडी जुम्ल्याहा हुनु हाम्रा लागि दुर्लभ मात्रै होइन ऐतिहासिक पनि हो, हामी यी नानी बाबुको अध्ययन अध्यापनमा कुनै कमी हुन नदिने गरेर लागेका छौँ", दाहालले भन्नुभयो।

जुम्ल्याहा विद्यार्थी अध्यापन गराउँदै आउनुभएका शिक्षकसँग पनि फरक खालको अनुभव रहेको छ। जुम्ल्याहा विद्यार्थी एउटै कक्षामा रहेकाले ऊनीहरूमा सहकार्य प्रतिस्पर्धाको भावना रहेको विद्यालयका सामाजिक शिक्षक ईश्वर पौडेल बताउनुहुन्छ। विद्यार्थीलाई अध्यापन गराउने क्रममा शिक्षक अनुहारमा एकरुपता भएकाले कहिलेकाहीं झुक्किने गरे पनि जुम्ल्याहा जोडीसँग व्यवहार गर्न सजिलो हुने पौडेल बताउनुहुन्छ। तेह्र जोडी जुम्ल्याहा विद्यार्थी अरु विद्यार्थीजस्तै पढाइ र अतिरिक्त क्रियाकलापमा अब्बल रहने गरेका उहाँले बताउनुभयो।

विद्यालयको कक्षा १० मा पढ्ने जुम्ल्याहा दाजुबहिनी निहाल क्षेत्री र निहारिका क्षेत्री दुवैले जुम्ल्याहा भएर जन्मिन पाएकोमा गर्व लागेको बताए। एउटै कक्षाको पढाइ भएकाले घरमा अध्ययन गर्न सजिलो भएको भन्दै उहाँहरू घरमा अभिभावकको माया बराबर पाउने गरेको बताउनुहुन्छ। उहाँहरू जस्तै विद्यालयकै कक्षा ८ मा पढ्ने रीतिका सापकोटा र रिया सापकोटा दिदी बहिनी हुनुहुन्छ। दिदी बहिनी त्यसै माथि एउटै कक्षामा अध्ययन गर्ने भएकाले कहिलेकाहीं साथीहरू र शिक्षक शिक्षिकासमेत झुक्किने गरेको अनुभव उहाँहरू सँग छ।

जुम्ल्याहा सन्तान जन्मिँदा सुरुका केही वर्ष हुर्काउन बढाउन सम्स्या भएको भए पनि दुवै सन्तानले सँगसँगै प्रगति गरेको देख्दा भने फरक खालको खुसी महसुस हुने गरेको कावासोती-२ का जुम्ल्याहा सन्तानका पिता रिसिकान्त सापकोटा बताउनुहुन्छ। जुम्ल्याहा सन्तानलाई आमाको दूध, पोषणलगायतका कुराहरू आवश्यक मात्रमा पुऱ्याएर सुरु सुरुमा हुर्काउन गाह्रो भए पनि हुर्किँदै गएपछि धेरै कुराहरू मेल खाने भएकाले उनीहरूलाई बुझ्न झनै सजिलो हुने सापकोटा बताउनुहुन्छ। "सँगै पढ्ने, सँगै खेल्ने, एकअर्काको भावना अरु बच्चाहरूले भन्दा छिट्टै बुझ्ने भएकाले पनि रमाइलो लाग्छ", उहाँले भन्नुभयो।

विसं २०४६ मा स्थापना भएको उक्त विद्यालयले आफ्नो ३३औं वार्षिकोत्सवमा मङ्गलबार जुम्ल्याहा सन्तान र उनीहरूका अभिभावकलाई सम्मान गरेको छ।

# इनड्राइभ एक भरपर्दो र सुरक्षित यात्राको लागि परिचित

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ पुस।**

इनड्राइभ नेपालले कम्पनीले एक भरपर्दो र सुरक्षित यात्राको लागि परिचित रहेकोमा यात्रु र चालक दुबैलाई नेपालमा सहयोग पुऱ्याईरहेको बताएको छ।

कम्पनीले बिहीबार एक विज्ञप्ति जारि गर्दै चालकबाट कुनै कमिसन नलिई स्थानीय ड्राइभरहरूका लागि थप आम्दानीका अवसरहरू सिर्जना गरेर स्थानीय अर्थव्यवस्थालाई बढावा दिन मद्दत गरिरहेको दावी गरेको छ। यसले देशमा गतिविधिहरूबाट कुनै आम्दानी र नाफा नकमाएको दाबी समेत गरेको छ।

देशमा पूर्णरूपमा नियम कानून पालना गर्न सक्दो प्रयास गरिरहेको उल्लेख गर्दै इनड्राइभले सन् २०१९ देखि नै विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन बमोजिम नेपालमा कानुनी संस्था दर्ता गराउने प्रक्रियामा रहेको जनाएको छ। आवश्यक विदेशी लगानी आवेदन उद्योग विभागमा बुझाएकोमा संस्था दर्ता प्रकृयाले अपेक्षा गरेभन्दा बढी समय लिइरहेको विज्ञप्तिमा उल्लेख छ।

इनड्राइभको साथ, नेपाली चालकहरूले पैसा कमाउने अवसर पाउनुका साथै सबै नेपालीहरूले आफ्नो दैनिक सवारीमा यात्रा गर्दा आफ्नो पैसा बचत गर्न सक्ने तर्क दिएको छ।

सुरक्षाको दृष्टिकोणले समेत इनड्राइभ सबै भन्दा प्राथमिक चासो र चिन्ता रहेकोले इनड्राइभले यात्रु र चालक दुवैका लागि सेवालाई सुरक्षित बनाउन प्रयासरत छ।

इनड्राइभ एपले आफैँमा सुरक्षा प्रवर्द्धन गर्ने सुविधाहरू पनि समावेश गरेकोमा स्थान-साझेदारी सुविधा र स्थानीय प्रहरीसँग सीधै जोडिन सक्ने गरी आपातकालीन कल बटन समावेश गरिएको उल्लेख छ। चालकहरूले यात्रुहरूलाई सेवा प्रदान गर्न अनुमति दिनुअघि कोर टोलीले राम्ररी जाँच र प्रमाणीकरण गरेको कम्पनीको दाबी छ।

तसर्थ सरकारी निकायहरुले दर्ता प्रकृयालाई सहज र तिब्रता प्रदान गर्ने अपेक्षा गरिएको विज्ञिप्तिमा उल्लेख छ।

# अझै आयोगको पदाधिकारी नियुक्ति हुन सकेन

काठमाडौं, ७ पुस (रासस)।

पानीको गुणस्तर अनुगमन गर्ने आयोगमा पदाधिकारी नियुक्तिका लागि विज्ञापन भएको २१ महिना पूरा हुँदा पनि काम अघि बढ्न सकेको छैन।

खानेपानी मन्त्रालयले विसं २०७७ चैत २५ गते देशभरका जनतालाई वितरण गरिएको पानी गुणस्तरीय भए/नभएको अनुगमन गरी महसुलसमेत निर्धारण गर्ने खानेपानी महसुल निर्धारण आयोग गठनका लागि विज्ञापन भएको थियो। विज्ञापन भएको दुई वर्ष पूरा हुन लाग्दासमेत आयोगमा पदाधिकारी नियुक्त हुनसकेको छैन।

मन्त्रालयका प्रवक्ता शोभाकान्त पौडेल मेलम्चीको पानी भर्खरै आएकाले आयोगमा पदाधिकारी नियुक्ति हुने प्रक्रियामा रहेको बताउनुहुन्छ। आयोग अढाइ वर्षदेखि पदाधिकारीविहीन भएको छ। महसुल निर्धारण,पानीको गुणस्तरको अनुगमन गर्ने उद्देश्यले स्थापना भएको आयोग सरकारको प्राथमिकतामा नपरेको बताइएको छ।

मेलम्ची खानेपानी आयोजना कार्यान्वयनका क्रममा दाताले खानेपानीको गुणस्तर र सेवाको अनुगमन एवं महसुल निर्धारणका लागि छुट्टै निकाय हुनुपर्ने शर्त राखेपछि सरकारले विसं २०६३ मा आयोगको स्थापना गरेको थियो। आयोगसित पानी गुणस्तरीय भए/नभएको अनुगमन गर्न आवश्यक जनशक्ति तथा आर्थिक स्रोत दुवै नभएकाले आयोग अलपत्र बन्ने गरेको पूर्व पदाधिकारीको अनुभव छ। स्थापनाको १६ वर्षसम्म पनि आयोग लेखापाल, चालक र कार्यालय सहयोगी एक-एक गरी तीन जनामात्र जनशक्तिका भरमा चलेको छ। आयोगका पूर्वअध्यक्ष उपेन्द्रकुमार अधिकारी जनशक्तिको अभावमा ऐन-नियममा तोकिएका काम गर्न नसकिएको अनुभव सुनाउनुहुन्छ।

"आयोगलाई नेपाल खानेपानी संस्थानका २२ शाखा, काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल), हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड र भरतपुर खानेपानी व्यवस्थापन बोर्डबाट महसुलमार्फत् उठेको एक प्रतिशत बजेट लिने निर्णय भए पनि आयोगले पाउन सकेको छैन", उहाँले भन्नुभयो।

आयोगमा बजेट समेत नहुँदा काम गर्न नपाएको अनुभव सुनाउँदै पूर्व अध्यक्ष अधिकारीले भन्नुभयो "आयोगलाई सरकारले बजेट दिँदैन, महसुलको दुई प्रतिशत लिन पाउने व्यवस्था ऐनमा भएपनि यस अघि आयोग बैठकले एक प्रतिशत मात्र लिने निर्णय गरेको थियो, त्यो पनि मेरो कार्यकालभर पाउन सकिएन"।

संविधानसभाबाट विसं २०७२ असोज ३ गते जारी भएको संविधानको मौलिक हक अन्तर्गत धारा ३५ स्वास्थ्य सम्बन्धी हकको उपधारा ४ मा 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ' भनी खानेपानी र सरसफाइको हक सुनिश्चित गरिएको छ। तर आयोगमा जनशक्तिको व्यवस्था नगरिँदा उपभोक्ता अधिकारबाट बञ्चित भएका छन्।

आयोग ऐनमा खानेपानी सेवा भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई उपलब्ध गराउने काम सम्झनुपर्छ भनी परिभाषा गरिएको छ। तर राजधानीकै उपभोक्ताका धारामा धमिलो पानी झर्दा पनि अनुगमन गर्ने कार्यालयको अत्तोपत्तो नभएको उपभोक्ता मञ्चका केन्द्रीय सदस्य रोशन पोखरेल बताउनुहुन्छ।

सरसफाइ सेवालाई मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धीकरण गर्ने काम सम्झनुपर्छ भनी सरसफाइ सेवाको परिभाषा ऐनमा गरिएको छ।

खानेपानी र सरसफाइ सेवाको गुणस्तरीयता जाँच गर्ने आयोगमा जनशक्ति नहुँदा उपभोक्ता गुणस्तरीय त के खानेपानी र सरसफाइ सेवाबाटै बञ्चित भएका छन्। सेवा प्रदायक संस्था घाटामा चलेकाले महसुलको एक प्रतिशत रकम पनि आयोगको कोषमा जम्मा हुन नसकेको हो। लिमिटेडमा वार्षिक करिब रु ८६ करोडको विलिङ हुने गरेको छ। एक प्रतिशतका दरले करिब रु ८६ लाख आयोगलाई बुझाउनुपर्ने भएपनि सङ्कलन कम हुँदा बुझाउन नसकिएको लिमिटेडका अधिकारीको भनाइ छ।

विलिङ करिब रु ८६ करोड भएपनि सरदर वार्षिक करिब रु ७८ करोड मात्र महसुल सङ्कलन हुने गरेको छ। लिमिटेडको वार्षिक खर्च सरदर करिब रु एक खर्ब १८ करोड छ। आम्दानीभन्दा खर्च बढी भएकाले बोर्ड र आयोगलाई बुझाउनुपर्ने पैसा बुझाउन नसकिएको लिमिटेडले जनाएको छ। लिमिटेडका प्रवक्ता प्रकाशकुमार राई बिलिङको ९१ प्रतिशत उठाउने लक्ष्य चालु आर्थिक वर्षमा राखिएको बताउनुहुन्छ।

सेवा प्रदायक संस्थाले तोकिएको रकम नतिर्दा गुणस्तरीय पानी सेवाबाट उपभोक्ता बञ्चित हुनुपरेको छ। जनशक्ति र बजेटको अभावमा खानेपानीको गुणस्तरीयताको अनुगमन गर्न नसकिएको आयोगको भनाइ छ।

**बाह्र वर्षदेखि स्वीकृत भएन नियमावली**

विसं २०६७ असोजमा मस्यौदा गरी तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयमा स्वीकृतिका लागि पेश गरिएको कर्मचारी सेवा शर्त नियमावली १२ वर्ष बितीसक्दा पनि स्वीकृत हुन सकेको छैन। खानेपानी सेवा मन्त्रालयबाट झिकी शहरी विकास हुँदै खानेपानी तथा सरसफाइ मन्त्रालयमा पुगेपनि नियमावली स्वीकृत हुन नसकेको हो।

संविधानसभाबाट विसं २०७२ असोज ३ गते जारी भएको संविधानअनुसार नियमावलीको मस्यौदामा संशोधन गरी २०७३ वैशाखमा खानेपानी मन्त्रालयमा पेश गरिएको थियो। मन्त्रालयले भने नियमावली स्वीकृत गर्नुको सट्टा ऐन नै संशोधनका लागि आयोगको राय मागेको थियो। पूर्वअध्यक्ष अधिकारी विसं २०६३ कै ऐन ठीक छ भनी लेखी पठाएको सुनाउनुहुन्छ।

आयोगका दुई सदस्यको अवधि विसं २०७३ कात्तिक २२ गते नै सकिए पनि अझै पदपूर्ति हुनसकेको छैन। पूर्वअध्यक्ष अधिकारीको पदावधि पनि दुई वर्षअघि नै समाप्त भएको हो। सदस्यको पदावधि सकिएको चार वर्षपछि विसं २०७७ साउनमा अध्यक्ष पद रिक्त भएको थियो।


राजविराज नगरपालिका

१ नं. वडा को कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८० मिती: २०७९/९/६

चलानी नम्बर : ८५

विषय:– सूचना सूचना सूचना ।

वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी राजबिराज नगरपालिका साबिक वार्ड नं..१ हाल वार्ड न.१.....बस्ने ........ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिश गरि पाउँ भनी मिती.२०७९/९/६.मा द.न...........को निबेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दबी भए सूचना प्रकाशित भएको मितीले ३५...दिनभित्र आफनो सबुत प्रमाण सहित यस बडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.बि.न.पा.बा.न..१..बस्ने श्री.................नाउ दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षत्रफल |
|---|---|---|---|---|
| सप्तरी | [illegible] | २ | ३१२ | ०-०-१२ |

चन्द्र शेखर चौधरी

वडा अध्यक्ष

रा.बि.न.पा.वडा नं.१



विष्णुपुर गाउँपालिका

Bishnupur Rural Muncipality

गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Muncipality Executive

विष्णुपुर, सप्तरी

Bishnupur, Saptari

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

पत्र संख्याः : २०७९/०८०

चलानी नं. : ६०६६

प्रस्तुत विषयमा ताँहा दैनिक पत्रिकाको अंक १३१, मिति २०७९ पुश ६ गते प्रकाशित यस कार्यालयको करार सेवा लिने सम्बन्धी सुचनामा तपसिल बमोजिम हुने गरि संसोधन गरि सच्याईएको सुचना प्रकाशन गरि दिन हुन अनुरोध छ।

तपसिल

१. विज्ञापन नं. क्रमश: ०१-२०७९/०८०, ०२-२०७९/०८०, ०३-२०७९/०८०, ०४-२०७९/०८० तथा ०५-२०७९/०८० हुनु पर्नेमा अन्यथा हुन गएको।

२. विज्ञापन नं. ०३-२०७९/०८० को पदको नाम रोजगार सहायकको उमेरको हद १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेमा अन्यथा हुन गएको।

शुभाष प्रसाद मण्डल

संयोजक

पदपुर्ति समिति


## विश्व समाचार

### महिलाले उच्च शिक्षा लिन नपाउने तालिबानको निर्णय सच्च्याउन अपिल

संयुक्त राष्ट्रसङ्घ, ७ पुस (रासस/सिन्ह्वा)।

तालिबान सरकारले यहाँका महिला तथा किशोरीलाई विश्वविद्यालय जान प्रतिबन्ध गरेको विषयको विरोध भइरहेका बेला संयुक्त राष्ट्रसङ्घीय एक अधिकारीले सो निर्णय सच्च्याउन आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय वुमन (युएन वुमन)का कार्यकारी निर्देशक सीमा बहाउसले सो आग्रह गर्नुभएको हो।

उहाँले भन्नुभएको छ, अफगानिस्तानको तालिबान सरकारले गरेको यो निर्णय तुरुन्त सच्याउनुपर्छ र उसका कारणले महिलाले अधिकार नपाउन अवस्थाको तत्कालै अन्त्य हुनुपर्छ। शिक्षामा महिलाको पनि समान अधिकार रहेकाले त्यसको सबैले सम्मान गर्नुपर्छ।

तालिबान सरकारका शिक्षा मन्त्रीले यसै हप्ता तालिबान सरकारले सो निर्णय गरेको बताउनुभएको थियो। अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जानबाट प्रतिबन्धित गरेको घटनाको सबैतिर विरोध भएको छ।

मङ्गलबार मात्र पनि अफगानिस्तानमा लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओट्नबोयाले विज्ञप्ति प्रकाशन गरेर यसको विरोध गर्नुभएको छ।

उहाँले यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै नै दुःखद भएको धारणा संयुक्त राष्ट्रसङ्घीय अधिकारीले राखेका छन्।

दुई वर्षअघि अफगानिस्तानमा तालिबानको शासन सुरु भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ। उनीहरुलाई धेरै सार्वजनिकस्थल र कार्यमा प्रतिबन्ध लगाएको छ र अहिले पछिल्लो समयमा आएर उनीहरु विश्वविद्यालय पनि जान नपाउने गरी प्रतिबन्ध लगाइएको बताइएको छ।

तालिबानले यहाँका महिला अधिकारको हनन् गरिरहेकाले संयुक्त राष्ट्रसङ्घीयसभा तथा बैठकमा यस्ता विषयमा कुरा उठाउनुपर्ने धारणा पनि राखिएको छ।

बहाउसले बुधबार एक अपिल जारी गर्दै अफगानिस्तानको विकासका लागि त्यहाँका महिलाको पनि ठूलो योगदान रहेकाले यस्तो निर्णय तत्कालै सच्याएर यहाँका सबै नागरिकले उचित र न्यायपूर्ण रुपमा शिक्षा लिन पाउने अधिकारको रक्षा गर्न पाउनुपर्ने बताउनुभएको छ।

### 'युक्रेन अझै जीवन्त र सक्रिय छ'

वासिङ्टन, ७ पुस (रासस/एएनआई)।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सबै प्रतिकूलता र विनाश र निराशाका बाबजुद युक्रेन जीवन्त र सक्रिय रहेको बताउनुभएको छ।

स्थानीय समयअनुसार बुधबार अमेरिकी संसद सदस्यहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "सबै प्रतिकूलता, विनाश र निराशाका बाबजुद युक्रेन पतन भएको छैन। युक्रेन अझै जीवन्त र सक्रिय छ।"

रूसले युक्रेनमाथि आक्रमण गरेपछि भएको राष्ट्रपति जेलेन्स्कीको पहिलो विदेश भ्रमणका क्रममा उहाँले भन्नुभयो, "अमेरिकी काङ्ग्रेसमा तपाई र सबै अमेरिकीसँग कुरा गर्न पाउनु ठूलो सम्मानको कुरा हो। सबै बाधाहरू, र विनाश र निराशाको विरुद्ध, युक्रेन पतन भएको छैन।"

उहाँले भन्नुभयो, "हामीलाई कुनै डर छैन, युक्रेनले आक्रमणको पहिलो चरण जितिसकेको छ। रूसी निरंकुशताले हामीमाथिको नियन्त्रण गुमाइसकेको छ।"

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले अमेरिकी समकक्षी जो बाइडेनसँगको भेटवार्तापछि अमेरिकी संसदका सदस्यहरूलाई सम्बोधन गर्नुभएको हो। भेटवार्तामा अमेरिकी राष्ट्रपति बाइडेनले युक्रेनलाई निरन्तर समर्थन गर्ने आश्वासन दिनुभएको थियो। जेलेन्स्कीले अमेरिकी संसदलाई सम्बोधन गर्ने क्रममा युक्रेनमा रूसको युद्धलाई नजरअन्दाज गर्न विश्व निकै अन्तरसम्बन्धित रहेको बताउनुभयो।

उहाँले थप्नुभयो, "समुद्र वा अन्य कुनै कुराले सुरक्षा प्रदान गर्नेछ भन्ने आशामा यो युद्धलाई रोक्न वा स्थगित गर्न सकिँदैन।"

"संयुक्त राज्य अमेरिकादेखि चीनसम्म, युरोपदेखि ल्याटिन अमेरिकासम्म र हरेक देशबाट अस्ट्रेलियासम्म, संसार यति धेरै अन्तरसम्बन्धित र अन्योन्याश्रित छ कि कसैलाई अलग रहन र यस्तो युद्ध जारी रहँदा पनि अझै सुरक्षित महसुस गर्न सकिन्छ," उहाँले भन्नुभयो।

उहाँले भन्नुभयो, "हाम्रा दुई मुलुक यो लडाइँमा परस्पर सहयोगी छन् र मलाई थाहा छ युक्रेनी साहस र अमेरिकी संकल्पले गर्दा अर्को वर्ष एउटा 'टर्निङ प्वाइन्ट' ल्याउनेछ। आफ्नो मूल्यमान्यताको पक्षमा उभिने मानिसको स्वतन्त्रताले हाम्रो साझा स्वतन्त्रताको भविष्यको सुनिश्चितता गर्नुपर्दछ।"

युक्रेनी जनताका लागि आशाको सन्देश दिँदै उहाँले भन्नुभयो, "रूसीहरूले बाखमुत जस्ता शहरहरूविरुद्ध 'सबै कुरा प्रयोग गर्छन्' तर युक्रेनले 'कहिल्यै आत्मसमर्पण गर्दैन'। जेलेन्स्कीले रूसलाई चेतावनी दिँदै भन्नुभयो, "रूसीहरूले 'दिनरात ७० हजार मानिसहरूको शहर कब्जा गरिरहेका छन्, तर बखमुत खडा छ।"

युद्धको ३०० दिनभन्दा बढी भइसक्दा पनि युक्रेनका सैनिकहरूले आफ्नो देशको रक्षा गरिरहेका छन्, तर उनीहरूलाई युद्धभूमिमा जित्नका लागि थप हतियारको आवश्यकता छ, जेलेन्स्कीले सम्बोधनका क्रममा भन्नुभयो। युक्रेन आफ्नो स्वतन्त्रता र अस्तित्वका लागि लडिरहेको बताउँदै जेलेन्स्कीले भन्नुभयो, "ती लक्ष्य हासिल गर्न संयुक्त राज्य अमेरिकाको निरन्तर सहयोग आवश्यक रहनेछ।

यसअघि अमेरिकी राष्ट्रपति जो बाइडनले जेलेन्स्कीसँगै एक पत्रकार सम्मेलनमा युक्रेनलाई निरन्तर सहयोग गर्ने आश्वासन दिँदै अमेरिकाले थप १.८ अर्ब अमेरिकी डलरको सहायता प्याकेजअन्तर्गत कीभलाई प्याट्रियट क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली पठाउने घोषणा गर्नुभएको थियो। जेलेन्स्कीले अमेरिकीहरूलाई सहयोगका लागि धन्यवाद दिँदै रुसी आक्रमणको सामना गर्न हवाई प्रतिरक्षा प्रणाली महत्वपूर्ण रहेको दोहोऱ्याउनुभयो।

# ज्येष्ठ सदस्य राणाबाट प्रतिनिधिसभाका नवनिर्वाचित सांसदलाई शपथ

काठमाडौँ, ७ पुस (रासस) ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शमशेर जबराले नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ । नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा बिहीबार आयोजित विशेष समारोहमा ज्येष्ठ सदस्यको हैसियतमा उहाँले सांसदहरूलाई शपथ गराउनुभएको हो ।

शपथ लिन नवनिर्वाचित सांसद राष्ट्रिय पोसाक तथा आ-आफ्नो सांस्कृतिक पहिचान झल्कने पोसाकमा सजिएर संसद् भवन पुग्नुभएको थियो । संसद सचिवालयका अनुसार २६ जना सांसदले विभिन्न १४ मातृभाषामा शपथ लिनुभएको सङ्घीय संसद् सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य जबराले बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ लिनुभएको थियो । नेपालको संविधानको धारा ८८ बमोजिम सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ ।

शपथअघि ज्येष्ठ सदस्य जबराले नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा बोलाउनुभएको बैठकमा सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले शपथ ग्रहणको प्रक्रियाका बारेमा जानकारी गराउनुभएको थियो ।

प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित एक सय ६५ र समानुपातिक प्रणालीबाट निर्वाचित एक सय १० गरी कूल दुई सय ७५ सांसद छन् ।

शपथ समारोहको अगाडि संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले सबै नवनिर्वाचित सबै सांसदलाई स्वागत, बधाई एवं शुभकामना व्यक्त गर्नुभएको थियो ।

# शोभराजलाई कैदमुक्त गरी १५ दिनभित्र आफ्नै देश पठाउन आदेश

काठमाडौँ, ७ पुस (रासस) ।

सर्वोच्च अदालतले बिकिनी किलर चार्ल्स शोभराज (गुरुमुख) लाई कैदमुक्त गरी १५ दिनभित्र आफ्नै देश पठाउन आदेश दिएको छ ।

न्यायाधीशद्वय सपनाप्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले बुधबार निजलाई बुधबारै कैदमुक्त गरी १५ दिनभित्र आफ्नो देश फर्काउन आदेश दिएको हो । "अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए निजलाई बुधबारे कैदबाट छाडी दिन तथा यो आदेश भएको १५ दिनभित्र देश फर्काउन आवश्यक व्यवस्थासमेत गर्न यो आदेश जारी गरिएको छ", सर्वोच्चको आदेशमा भनिएको छ, "सम्बन्धित जिल्ला अदालतमार्फत कारागार कार्यालय जगन्नाथ देवल काठमाडौँमा छिटो साधनद्वारा आदेशको जानकारी पठाइदिनु ।"

शोभराजकोतर्फबाट अदालतमा दायर भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा अदालतले निरन्तर कैदमा राख्नु कैदीबन्दीको मानव अधिकार मापदण्ड, संविधान तथा कानूनप्रदत्त अधिकार अनुकूल नदेखिएको व्याख्या गरेको छ ।

आदेशमा शोभराजको उमेर ७५ वर्ष भइसकेको तथा मुटुसम्बन्धी रोगबाट पीडित भई उपचारको अवस्थामा रहेको तथा तोकिएको कैदमध्ये ७५ प्रतिशत (१९ वर्ष) कैद सजाय भोगिसकेको देखिएको उल्लेख छ । फ्रान्सेली नागरिक शोभराजलाई सन् २००३ मा कर्तव्य ज्यानको मुद्दामा पक्राउगरी जिल्ला अदालत भक्तपुरले सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो ।

# मधेस प्रदेशमा ज्येष्ठ सदस्य कलवारले शपथ गराउने

धनुषा, ७ पुस (रासस) ।

मधेस प्रदेशसभाका नवनिर्वाचित सांसदलाई ज्येष्ठ सदस्य शारदाशङ्करप्रसाद कलवारले शपथ गराउँदै हुनुहुन्छ ।

संसद् सचिवालयका सचिव रञ्जित यादवले ऐन, कानुन र संवैधानिक व्यवस्थाअनुसार कलवारले प्रदेशसभाको ज्येष्ठ सदस्यको हैसियतले नवनिर्वाचित सांसदलाई शपथ गराउने कार्यक्रम तय गरिएको बताउनुभयो । सचिव यादवका अनुसार प्रदेश प्रमुख हरिशङ्कर मिश्रले ज्येष्ठ सदस्य कलवारलाई पहिले शपथ गराउने र कलवारले अन्य प्रदेशसभा सदस्यलाई शपथ गराउनुहुन्छ ।

सचिव यादवले भन्नुभयो, "कानुनी प्रावधान निर्वाचन ऐनमा व्यवस्था भएअनुसार उपस्थित सांसदमध्ये ज्येष्ठ सदस्यले शपथ गराउनुपर्ने भएको हुँदा ज्येष्ठताका आधारमा नेकपा (एकीकृत समाजवादी)का प्रदेशसभा सदस्य गोविन्दबहादुर न्यौपानेले शपथ गराउने कार्यक्रम तय भएको थियो तर न्यौपाने अस्वस्थ रहेकाले शारदाशङ्कर कलवारले सांसदको शपथ गराउने तयारी भएको छ । न्यौपानेको उमेर ७१ वर्ष छ भने शारदाशङ्करको उमेर ७० वर्ष रहेको छ ।"

सचिव रञ्जित यादवले न्यौपाने नआउने भएपछि बारा २ को (१) बाट स्वतन्त्र निर्वाचित कलवारबाट नै ज्येष्ठ सदस्यको रुपमा शपथ ग्रहण गराउने कार्यक्रम तय गरिएको संसद् सचिवालयले स्पष्ट पारेको छ ।

यद्यपि अहिलेसम्म प्रदेशसभा सदस्यलाई शपथ ग्रहण गराउनेबारे समय निश्चित भइनसकेको बताउनुभयो । सचिवालयले आगामी आइतबार सर्वदलीय बैठक बोलाएको छ । सो बैठकबाट शपथ ग्रहणको मिति तय हुने उहाँले जानकारी दिनुभयो । गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनबाट मधेस प्रदेशसभामा प्रत्यक्षतर्फ ६४ जना र समानुपातिकतर्फ ४३ जना गरी एक सय सात सांसद निर्वाचित भएका छन् । उनीहरूलाई शपथ गराएपछि मात्रै संसदीय गतिविधि अघि बढाउनुपर्ने व्यवस्था रहेको पनि संसद् सचिवालयले जनाएको छ ।

**यस्तो छ अङ्क गणित**

मधेस प्रदेशमा यस पटक नेकपा (एमाले), नेपाली कांग्रेस, जसपा, जनमत पार्टी, लोसपा, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीसहित १० दलको प्रतिनिधित्व छ । यसअघिको कार्यकालमा जसपा पहिलो, नेपाली कांग्रेस दोस्रो, लोसपा तेस्रो, नेकपा (एकीकृत समाजवादी) पार्टी चौथो, नेकपा (एमाले) र माओवादी पाँचौं दलको रुपमा थियो ।

यस पटक २०७९ को निर्वाचनमा मधेस प्रदेशसभामा एमालेले प्रत्यक्षमा १५ र समानुपातिक आठ गरी २३ सिट पाएर पहिलो दल बनेको छ । यस्तै, नेपाली कांग्रेस प्रत्यक्षमा १३ र समानुपातिकमा नौ गरी २२ सिट पाएर दोस्रो, जनता समाजवादी पार्टी प्रत्यक्षमा नौ र समानुपातिकमा सात गरी १६ सिट पाएर तेस्रो, जनमत पार्टी प्रत्यक्षमा छ र समानुपातिकमा सात गरी १३ सिटसहित चौथो दल बनेको छ ।

यस्तै, लोसपाले प्रत्यक्षमा सात र समानुपातिकमा दुई गरी नौ सिट पाएर पाँचौं, माओवादी केन्द्र प्रत्यक्षमा चार र समानुपातिकमा चार गरी आठ सिट पाएर छैटौं तथा एकीकृत समाजवादी प्रत्यक्षमा चार र समानुपातिकमा तीन गरी सात सिट पाएर सातौं दल बनेको छ ।

मधेस प्रदेशसभामा राप्रपा, नेपाल सङ्घीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले समानुपातिकमा एक-एक सिट पाएका छन् भने यसपटक छ जना स्वतन्त्र उम्मेदवार पनि निर्वाचित भएका छन् ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भुक्तानी गरौं, गराऔं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*